
"पुर्व तयारी, खोज उद्दार, पुनर्स्थापनामा पुऱ्याउँदै ध्यान,
विपद् जोखिम न्युनिकरणका लागि हातेमालो अभियान"

ऐरावती गाउँपालिका
२०७३

# ऐरावती गाउँपालिकाको विपद्/प्रकोप व्यवस्थापन सम्बन्धी बार्षिक प्रतिवेदन

## आर्थिक वर्ष
## २०७५/०७६


ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरौंला,प्यूठान

रैरावती गाउँपालिका
२०७३

# विषयसूची:

अर्जुन सेन ओली
प्रमुख प्रशासकीय अधिकृत

१. पृष्ठभुमि
२. विपद/प्रकोप व्यवस्थापन सम्बन्धी विद्यमान अवस्था
३. पहिचान गरिएका जोखिमका क्षेत्रहरु
४. पूर्वतयारी तथा उद्दारका लागि उपलब्ध सामाग्रि तथा अन्य विवरणहरु
५. सुरक्षित खुला स्थान तथा अन्य विवरण
६. विपद्/प्रकोपजन्य घटनामा भएको क्षति तथा राहत वितरण सम्बन्धी विवरण
७. विपद्/प्रकोप व्यवस्थापन सम्बन्धमा भएका अन्य क्रियाकलापहरु
८. प्रस्तावित कार्यक्रमहरु
९. समस्या तथा चुनौतीहरु
१०. निष्कर्ष

# ऐरावती गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को विपद/प्रकोप व्यवस्थापन सम्बन्धी वार्षिक प्रतिवेदन

## १. पृष्ठभुमि:

५ नं प्रदेश अन्तर्गत प्यूठान जिल्लाको पुर्व दक्षिण भेगमा अवस्थित गाउँपालिका हो ऐरावती गाउँपालिका। झिमरुक र माडि नदीको संगमस्थल पवित्र धार्मिक तथा पर्यटकीय स्थल ऐरावतीको नामबाट यस गाउँपालिकाको नाम ऐरावती गाउँपालिका रहेको छ। २०६८ सालको जनगणना अनुसार यस गाउँपालिकाको कुल जनसंख्या २२३९२ रहेको छ। साविकका दाङवाङ, बरौंला, बिजुली, पकला, धुवाङ (वडा नं १-६, ९) र रस्पुरकोट (वडा नं १-५) मिलेर बनेको यस गाउँपालिकाको कुल क्षेत्रफल १५६.७५ वर्ग किलोमिटर रहेको छ। समुद्र सतहबाट ३७८ मिटर देखि १६८८ मिटर सम्मको उचाईमा यो गाउँपालिका रहेको छ। अधिकांश भुबनोट भिरालो परेको छ भने झिमरुक किनारको क्षेत्र सम्म फाँट पनि रहेको छ।

नेपालको संविधानको अनुसुची ८ मा व्यवस्था गरिएको स्थानीय तहको अधिकारको सुची तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(२)(न) मा उल्लेख भएको विपद व्यवस्थापन सम्बन्धी कार्य गर्ने जिम्मेवारी स्थानीय तहको रहेको छ। सोहि आधारमा यस गाउँपालिकाबाट विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मुल्याङ्कन, विपद् रोकथाम वा विपदबाट हुने क्षेतिको न्युनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने कार्य साथै विपद् प्रतिकार्य र विपद् पुनर्लाभ सम्बन्धी क्रियाकलापहरु संचालन भईरहेको छ ।

## २. विपद/प्रकोप व्यवस्थापनको विद्यमान अवस्था:

मानवीय वा प्राकृतिक कारणले प्रकोप आउन सक्छ। प्रकोप सम्बन्धमा गरिने पूर्व आँकलन तथा सो को व्यवस्थापनका लागि गरिने पूर्व तयारी, उद्दार तथा पुनर्स्थापना सम्बन्धी गाउँपालिकाले गरेका क्रियाकलापहरुलाई तल प्रस्तुत गरिएको छ।

### २.१ कानुनी व्यवस्था:

ऐरावती गाउँपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि **ऐरावती गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५** तयार भई लागु भईरहेको छ।

विपद/प्रकोपजन्य घटनाको पूर्व तयारी, उद्दार तथा पुनर्स्थापनाको लागि आवश्यक रकमको खर्च व्यवस्थापनका लागि गाउँसभाबाट स्विकृत प्रकोप व्यवस्थापन कोषको संचालनका लागि **प्रकोप व्यवस्थापन कोष संचालन कार्यविधी** २०७४ लागु गरिएको छ।

**२.२ संस्थागत व्यवस्था**: ऐरावती गाउँपालिका भित्र विपद/प्रकोप जन्य क्रियाकलाप व्यवस्थापन तथा सहजीकरण गर्नका लागि देहायबमोजिमको गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति रहेको छ।

| सि.नं. | नामथर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | नविल विक्रम शाह (अध्यक्ष) | ऐरावती -५ पकला | ९८५७८३३४७९ |
| २ | केशवराज आचार्य | ऐरावती -१ | ९८६६८१७८४० |
| ३ | हुम बहादुर रास्कोटी | ऐरावती -२ | ९८०६२२५७१६ |
| ४ | भुपेन्द्र बहादुर आले | ऐरावती -३ | ९८२२९७८४८६ |
| ५ | शंकर बहादुर भण्डारी | ऐरावती -४ | ९८०६२०२४१० |
| ६ | चन्द्र बहादुर रोका मगर | ऐरावती -५ | ९८१०८३२४३८ |
| ७ | चन्द्र बहादुर राना | ऐरावती -६ | २८४७९२८१४१ |
| ८ | हरि बहादुर बस्नेत | प्रहरी चौकी बरौंला | ९८४७८२८०५१ |
| ९ | टिका बहादुर गुरुङ | ऐरावती -३ | ९८१०९९०८३२ |
| १० | कृष्ण प्रसाद श्रेष्ठ | ऐरावती -६ | ९८५७८३३५६१ |
| ११ | नारायण ज्ञवाली | ऐरावती -२ | ९८५७८३३८५१ |
| १२ | रविलाल रोका | ऐरावती-४ | ९८४७८५१८५४३ |
| १३ | गोपाल थापा | उद्योग वाणिज्य संघ | ९८४७९३०६५६ |
| १४ | कृष्ण प्रसाद श्रेष्ठ | स्वास्थ्य शाखा ऐरावती | ९८४७९८६६६२ |
| १५ | अर्जुन बहादुर अच्छामी | सव डिभिजन वन कार्यालय | ९८४६२५५५३५ |
| १६ | गोपाल नेपाली | ऐरावती -६ | ९८४७८३९०४६ |
| १७ | सागर रिजाल | पत्रकार | ९८६६८५५८२८ |
| १८ | प्रेम आचार्य | ने रे सो बरौंला | ९८४७८६७६८१ |

| | | | |
|---|---|---|---|
| १९ | अर्जुन सेन ओली (सदस्य सचिव) | ऐरावती गापा | ९८५७८३३०२३ |
| २० | बुद्ध बहादुर बस्नेत (आमन्त्रित सदस्य) | ऐरावती गापा | ९८५११२२६५४ |

यस गाउँपालिकाका ६ वटे वडामा वडा अध्यक्षको संयोजकत्वमा वडा स्तरीय विपद व्यवस्थापन समिति गठन भएको छ। ऐरावती गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई विपद सम्पर्क व्यक्ति तोकिएको छ भने गाउँपालिका प्रवक्ता दामु वि.क. र सुचना प्रविधि अधिकृत वालचन्द्र गुरुङ सुचना अधिकारीको रुपमा रहनुभएको छ।

**२.३ प्रकोप/विपद् व्यवस्थापन कोषः** ऐरावती गाउँपालिकाको गाउँसभाबाट स्विकृत भई विपद/प्रकोपजन्य घटनासँग सम्बन्धित क्रियाकलाप तथा राहत वितरणका लागि प्रकोप व्यवस्थापन कोष खडा गरिएको छ। कोषको खर्च विवरण देहायअनुसार देखिन्छ।

| विवरण | रकम रु (आ.व. २०७५/७६) | कैफियत |
|---|---|---|
| प्रकोप व्यवस्थापन कोष | १८,००,०००।- | |
| उद्दार सामाग्रि खरिद तथा भण्डारण | ६,२६,०६२।- | |
| राहत सामाग्रि तथा नगद वितरण | ९२,०००।- | |
| कोषमा बाँकी रकम | १०,८१,९३८।- | |

## ३. पहिचान गरिएका जोखिमका क्षेत्रहरुः

यस गाउँपालिकाको भु-बनोट तथा विगतका विपदजन्य घटनाका आधारमा सम्भावित जोखिमका क्षेत्र हरु पहिचान गरिएको छ। जुन यसप्रकार छनः

| विपद्/प्रकोपको प्रकार | सम्भावित जोखिमको क्षेत्र |
|---|---|
| **भुकम्प** | गाउँपालिकाको सबै क्षेत्र |
| **बाढी/नदि कटान** | छाप देखि ऐरावतीसम्म झिमरुक नदी किनारको क्षेत्र, चिदिवास, लामिदमार, खर्सेदमार |
| **आगलागि** | बिजुली, बासँडाँडा, वालीविसौना, सिँदुरेडाँडा, डाँडाखर्क, काफलबोट, |

| | |
|---|---|
| | महपोखरी, तिल्केनी, चुत्रेनी, बुढिचौर, जाबुने, अर्झाम, हार्वुङ, बुकेनी, सल्लेनधारा, कात्तिके, कुमालटाकुरा, मसिना, अमिली, मान्द्रे, दाङवाङ, लुङ्चुङ, सिर्सेनी, धनबोट, कोलबोट, सिनेटा , मडाई, तालपोखरा, सिँगेथुम, बरमपोखरा, रानीवास |
| **महामारी** | खर्सेदमार, लामिदमार, कात्तिके, चिदिवास, कुमालटाकुरा, नौघाट, थारदमार, सिँदुरेडाँडा, चाक्लाघाट, मान्द्रे, पतिचौर, भुषालडाँडा |
| **हावाहुरी** | सिखे्र काफलबोट देखि अमिली कोलबोटसम्मको क्षेत्र, वालीविसौना, सिँदुरेडाँडा, च्युरापानी, मडाई, सिँगेथुम, धनफुले |
| **चट्याङ** | बुढिचौर, बिजुली, लुङचुङ, अमिली, चुत्रेनी, जाबुने, तालपोखरा, सिर्सेनी, ठुलीलेक, थाम |
| **सडक दुर्घटना** | बरौंला-दाङवाङ सडक, काफलबोट-अमिली सडक, दाङवाङ-मान्द्रे-दुर्वाङ सडक |
| **असिना** | बरौंला, पकला, धुवाङ, डावर, माझिदमार, गोठिवाङ |
| **खडेरी** | ऐरावती गा पा को सबै क्षेत्र |
| **भुक्षय / पहिरो** | कुम्री, दाङवाङ, सल्लीकोट, कड्कुरा, रानीवास, गौडेओखारी, जाडि, बुकेनी |

## ४.१ पुर्वतयारी तथा उद्दारका लागि उपलब्ध सामाग्रि तथा अन्य विवरणहरुः

| सामाग्रिको नाम | परिमाण | सामाग्रिको नाम | परिमाण |
|---|---|---|---|
| फायरिङ सिलिन्डर | ७ थान | बैशाखी | १४ थान |
| रेन्वी | १४ थान | हेल्मेट | २८ थान |
| चस्मा | २८ थान | स्ट्रेचर | ८ थान |
| बन्चरो | १४ थान | वेल्चा | २८ थान |
| गैटी | १४ थान | वाल्टी | २८ थान |
| ठुलो /सानो आरा | २१ थान | फरुवा | १४ थान |

| | | | |
|---|---|---|---|
| फायरिङ पम्प | ७ थान | गल | १४ थान |
| हेडलाईट | १४ थान | ह्यामर | १४ थान |
| घन | १४ थान | त्रिपाल | १४ थान |
| सिठ्ठी | १४ थान | भऱ्याङ | ७ थान |
| नाईनल डोरी | १०० मिटर | ब्यान्डेज | ७ थान |
| ह्यान्ड माईक | ७ थान | कैंची | १४ थान |

## ४.२ सामाग्रिको उपलब्धता तथा सम्पर्क व्यक्ति:

यस गाउँपालिकाका ६ वटै वडाहरुलाई सहज पहुँच पुऱ्याउने गरि वडा स्तर तथा गाउँपालिकामा विपद सम्बन्धी पुर्व तयारी तथा उद्दार सामाग्रिहरुको भण्डारण तथा सम्पर्क व्यक्ति तोकिएको छ।

| क्र.स. | सामाग्रि रहेको स्थान | सम्पर्क व्यक्ति | सम्पर्क नं |
|---|---|---|---|
| १ | ऐरावती-१, दाङवाङ | केशवराज आचार्य | ९८६६८१७८४० |
| २ | ऐरावती-२, बरौंला | हरि बहादुर बस्नेत (प्रहरी चौकी प्रमुख) | ९८४७८२८०५१ |
| ३ | ऐरावती -३, जाबुने | भुपेन्द्र बहादुर आले | ९८२२९७८४८६ |
| ४ | ऐरावती -४, कैरन | शंकर बहादुर भण्डारी | ९८०६२०२४१० |
| ५ | ऐरावती -५ घुईवाङ | चन्द्र बहादुर रोका मगर | ९८१०८३२४३८ |
| ६ | ऐरावती -६, च्युरापानी | चन्द्र बहादुर राना | ९८४७९२८१४१ |
| ७ | ऐरावती -२ ददेरीपाटा | कृष्ण श्रेष्ठ | ९८५७८३३५६१ |

## ५. सुरक्षित खुला स्थान तथा अन्य विवरणः

| सुरक्षित खुला चौरहरु रहेको स्थानहरु | सिर्सेनी, अमिलि, माझिदमार, बाँझिपोखरी, मान्द्रे, ऐरावती, नेपाने, ठुलीलेख, उपल्लागाउँ, जाबुने, तालपोखरा, कैरन, च्युरापानी, सराङ्वेशी, चुनाहा, कुनौटा, द्वारेघाट, काठेपोखरा |
|---|---|
| हेलिप्याडको रुपमा छनोट भएको (१ वडा १ हेलिप्याड) स्थानहरु | १ नं. वडाको सिर्सेनीको पातलपोखरी/बाँझिपोखरी<br>२ नं. वडाको नेपानेको छेडा<br>३ नं. वडाको जाबुने<br>४ नं. वडाको कैरन अस्थायी प्रहरी चौकी अगाडिको फिल्ड<br>५ नं. वडाको कुनौटामा रहेको मैदान<br>६ नं. वडाको लागि पुरानो विजुलीकोट, काठेपोखरा |
| आवासको रुपमा प्रयोग गर्न सकिने भवनहरु | सामुदायिक विद्यालयहरु – ४१ वटा<br>सामुदायिक भवन – १ वटा<br>कार्यालय भवन – १० वटा |
| प्रयोग गर्न सकिने सवारी साधन | एम्बुलेन्स – २ वटा, निजी पिक अप -५ वटा, वस- २ वटा, सरकारी गाडि – १ वटा |
| स्वास्थ्य संस्थाहरु | स्वास्थ्य चौकीहरु – ६ वटा<br>सामुदायिक स्वास्थ्य ईकाईहरु – ३ वटा<br>निजी औषधि पसल – ७ वटा |
| स्वास्थ्य कर्मीहरु | हेल्थ असिस्टेन्ट, अ.हे.व, अ.न.मी |
| नजिकको अस्पताल | प्युठान अस्पताल (गा.पा. केन्द्रबाट २६ कि.मी) |
| प्रहरी चौकी | ४ वटा (बरौंला, कैरन, चुजाठाँटी, दाङवाङ) |
| सहयोगि संस्थाहरु | नेपाल रेडक्रस सोसाईटी, बरौंला उपशाखा, कालीमाटी ग्रामिण विकास सरोकार केन्द्र, मल्लरानी ग्रामीण विकास सरोकार केन्द्र, |
| खाद्यान्न तथा अन्य सामाग्रिका लागि मुख्य बजार क्षेत्रहरु | बरौंला, कैरन, हर्नाघाट – (गा.पा. क्षेत्रभित्र)<br>बिजुवार (नजिकको ठुलो वजार क्षेत्र- २६ कि.मी) |

## ६. विपद्/प्रकोपजन्य घटनामा भएको क्षति तथा राहत वितरण सम्बन्धी विवरण:

| सि.नं. | नामथर, ठेगाना | ठेगाना | प्रकोप | मिति | अनुमानित क्षति रु | राहत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बुद्धि दमै | ऐरावती-३ | बर्षाले घर भत्किएको | 2075/5/12 | १२६००० | ५००० | घर पुर्ण रुपले क्षति |
| २ | तोम बहादुर रेश्मी मगर | ऐरावती-१ | आगलागी | 2075/6/7 | ७८७००० | ५००० | घर, गोठ पशुहरु जलेर नष्ट |
| ३ | नुमा सुनार | ऐरावती-२ | आगलागी | 2075/7/6 | | ५००० | आगलागी |
| ४ | विस्नु बहादुर सुनार | ऐरावती-२ | आगलागी | 2075/7/6 | ४४७०००/- | ७००० | घर लगायत अन्य सामान |
| ५ | तिले सार्की | ऐरावती-३ | आगलागी | 2075/9/10 | ३९७००० | ५००० | घर गोठ पुर्ण रुपले क्षति साथै चौपायाको क्षति |
| ६ | लाली सार्की | | | | ३७७५०० | ५००० | |
| ७ | लर्के सार्कि | | | | ३६५००० | ५००० | |
| ८ | रमेश सार्की | | | | ४२०००० | ५००० | |
| ९ | रुम बहादुर सार्की | | | | ३७०००० | ५००० | |
| १० | निमा सार्की | | | | १८००० | | |
| ११ | तेज बहादुर बस्नेत | ऐरावती-६ | आगलागी | 2075/10/2 | १०५००० | ५००० | विजुली सट भई आगलागी भएको |
| १२ | हिमला पोखेल | ऐरावती-६ | दुवै आँखाको दृष्टि गुमेको | 2075/4/17 | | ५००० | दुवै आँखाको नानी फेर्नु पर्ने भएको |
| १३ | सुवासे सुनार | ऐरावती-१ | रुखबाट लडेको | 2075/4/20 | | ५००० | टाउकोको अपरेशन गर्नुपर्ने |
| १४ | जेद बहादुर वि.क | ऐरावती-२ | चट्याङबाट | 2075/11/4 | ५७५००० | ५००० | घर तथा अन्नपातहरुको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | क्षति |
| १५ | रन बहादुर नेपाली | ऐरावती-६ | आगलागी | 2075/11/21 | ११८३२०० | ५००० | घर गोठ र घर भित्र भएका नगद जिन्सी सामानहरु घर पुर्ण रुपले क्षति |
| १६ | गोपाल बराल मगर | ऐरावती-१ | आगलागी | 2075/11/27 | ९००००० | ५००० | गोठ पशु चौपाया सबै जलेर नष्ट भएको |
| १७ | पोमलाल बराल मगर | ऐरावती-१ | आगलागी | 2075/11/27 | ५४०००० | ५००० | घर गोठ आगलागी तथा पशु चौपाया नष्ट |
| १८ | दिपक थापा | ऐरावती-५ | रोगबाट | 2075/12/12 | | ५००० | ४०० चल्ला रोग लागी मरेको |
| १९ | ढग बहादुर लम्चे मगर | ऐरावती-३ | आगलागी | 2076/1/14 | २४९७०० | ५००० | घरमा भएका सम्पुर्ण सामानको क्षति |
| २० | ललिता रास्कोटी | ऐरावती-२ | आगलागी | 2076/1/19 | | ५००० | आगलागीबाट क्षति भएको |
| २१ | भिम बहादुर रास्कोटी | ऐरावती-२ | आगलागी | 2076/1/19 | ३१५००० | ७००० | घरगोठ क्षती |

## ७. विपद/प्रकोप व्यवस्थापन सम्बन्धमा भएका अन्य क्रियाकलापहरु:

- स्थानीय विपद व्यवस्थापन समितिका पदाधिकारीहरुलाई विपद/प्रकोप व्यवस्थापन सम्बन्धी अभिमुखिकरण
- RRT/CRRT लाई प्रकोप व्यवस्थापन सम्बन्धी पुनर्ताजगी तालिम ।
- सामुदायिक वनहरुसँगको साझेदारीमा यस गाउँपालिका भित्र रहेका सामुदायिक वनहरुमा ५२ वटा रिचार्ज पोखरी निर्माण ।
- नदी कटान तथा पहिरो जोखिम क्षेत्रहरुमा तटबन्धको व्यवस्था ।
- साईरन जडान ।
- वक्षारोपण ।
- ऐरावती गाउँपालिका वडा नं ५ को महेन्द्र मा वि सराङ्वेशीमा भुकम्प मापन यन्त्र जडान

## ८. प्रस्तावित कार्यक्रमहरु:

- प्रत्येक वडामा कम्तीमा १० जना स्वयमसेवकहरुका लागि विपद् जोखिम न्युनीकरण सम्बन्धी तालिम संचालन गर्ने ।
- जनप्रतिनिधी तथा कर्मचारीहरुका लागि विपद जोखिम न्युनीकरण तालिम संचालन गर्ने ।
- स्थानीय उद्योग वाणिज्य संघ मार्फत स्थानीय व्यापारी/व्यवसायीहरु सँग निश्चित मात्रामा राहत सामाग्रीको उपलब्धताका लागि सम्झौता गर्ने ।
- प्रत्येक वडामा पुर्वतयारी तथा उद्दार सामाग्रि भण्डारणका लागि भवन निर्माण गर्ने ।
- विस्तृत अध्ययन सहित गाउँपालिकाको विपद/प्रकोप जोखिम न्युनिकरण, पुर्वतयारी तथा प्रतिकार्य योजना बनाउने ।
- जोखिमयुक्त वस्ती तथा नदिकिनारका वस्तीहरुमा साईरन जडान गर्ने ।
- नयाँ सडक ट्र्याक विस्तार गर्दा १०० मिटरभित्र कम्तीमा स्थानीय भुगोल र मौसम अनुसारका विरुवा रोप्ने कार्यलाई अनिवार्य व्यवस्थाको रुपमा लागु गर्ने ।

## ९. समस्या तथा चुनौतीहरु:

- प्राविधिक रुपमा अध्ययन नभई अवलोकनको आधारमा जोखिमका क्षेत्र पहिचान गरिएको ।
- विपद जोखिम न्युनिकरण सम्बन्धी ज्ञान भएका जनशक्तिको सहज उपलब्धता नभएको ।
- हरेक वस्ती स्तरसम्म जनचेतना पुऱ्याउन नसकिएको ।
- आपतकालिन सुचना केन्द्रको स्थापना गर्न नसकिएको ।
- सुचना तथा संचारको सहज पहुँच स्थापित हुन नसक्नु ।

## १०. निष्कर्ष:

विपद्को पुर्व आँकलन र सो सम्बन्धमा पुर्व तयारीको चरण महत्वपुर्ण हो । मानवीय कारणबाट सिर्जना हुने विपद आउन नदिने तथा प्राकृतिक कारणबाट सिर्जना हुने विपद सम्बन्धमा पुर्व सावधानी अपनाउन सकियो भने मात्र विपदबाट हुने क्षति न्युनिकरण गर्न सकिन्छ । विपद सम्बन्धमा आम सरोकारवालाहरुको बुझाईमा एकरुपता पाईन्छ तर हामी पुर्व तयारीमा भन्दा उद्दार तथा पुनर्स्थापनामा ध्यान केन्द्रित भएको पाईन्छ। तथापी नेपालको संविधानमा तोकिएको राज्यका तीनै तहको अधिकार क्षेत्र भित्र रहेको विपद व्यवस्थापन कार्यलाई सुझबुझपुर्ण तवरले स्पष्ट कार्यविभाजन गर्न सकियो भने विपद जोखिम न्युनीकरण गर्न सकिन्छ ।